# जिल्लास्तरीय कोभिड व्यवस्थापन केन्द्र, रसुवा
DISTRICT COVID MANAGEMENT CENTER, RASUWA(DCMC)

बैठक संख्या:- ०५ (०७८/७९),
बैठक मिति:- २०७८।०५।०१ गते,
स्थान:- जिल्ला प्रशासन कार्यालय, रसुवा ।

आज मिति २०७८।०५।०१ गते प्रमुख जिल्ला अधिकारी एवं जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवाको संयोजक श्री ईश्वरी प्रसाद ढकालज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थितिः**

**जिल्ला समितिः**

| | | | |
|---|---|---|---|
| श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मीना आर्याल | जिल्ला सामान्वय अधिकारी | जिल्ला सामान्वय समिति | सदस्य |
| श्री नरेश के.सी. | प्रमुख सेनानी | श्री विष्णु दल गण, ब्राबल ब्यारेक,धुन्चे | सदस्य |
| श्री देवेन्द्र पाण्डे | प्रहरी नायव उपरीक्षक | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री लभ कुमार सापकोटा | सशस्त्र प्रहरी नायव उपरीक्षक | स.प्र.बल नेपाल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री सविन श्रेष्ठ | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री बसन्त चालिसे | ज.स्वा.अधिकृत | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री भुवन के.सी | नि.मे.सु. | रसुवा अस्पताल, धुन्चे | सदस्य |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री नारायण दत्त भण्डारी | डिभिजन प्रमुख | सडक डिभिजन, नुवाकोट |
| श्री बम बहादुर तामाङ | वडा अध्यक्ष | उत्तरगया गा.पा-१, रसुवा |
| श्री सीता रिमाल | क.अ. | ग.त्रि.मैलुङ स्याप्रुवेशी रसुवागढी सडक योजना, नुवाकोट |

**निर्णयः**

१. सर्वसाधारणका लागिः

- अत्यावश्यक काम(औषधि, खाद्यबस्तु तथा अत्यावश्यक बस्तु तथा सेवा खरिद) वाहेक कुनै पनि व्यक्ति घर बाहिर ननिस्कने ।
- नेपाल सरकारद्वारा तोकिएको सामाजिक दुरी, स्वास्थ्य सुरक्षा मापदण्ड (नियमित रुपमा साबुन पानीले हात धुने, अनिवार्य मास्क र स्यानिटाईजरको प्रयोग) को अनिवार्य पालना गर्ने ।
- बजार, मेला, महोत्सव, पार्टी, भोज भतेर लगायत भिडभाड हुने कार्य नगर्ने/नगराउने ।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।

२. पसल तथा व्यवसाय सञ्चालन सम्बन्धमाः

- औषधि तथा स्वास्थ्य सामग्री, अन्य व्यवसाय, होटल तथा रेष्टुरेन्ट सञ्चालन गर्दा स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्नुपर्ने र कम्तिमा दुई मिटरको भौतिक दुरी कायम गर्नुपर्ने ।

३. सवारी साधन सञ्चालनको हकमा:

- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने, स्यानिटाईजरको प्रयोग गर्ने,
- चालक र सहचालकले अनिवार्य रुपमा मास्क, भाईजर र पञ्जाको प्रयोग गर्ने,
- सवारी साधनको ढोकामा अनिवार्य स्यानिटाईजरको व्यवस्था हुनुपर्ने,
- अनिवार्य रुपमा सवारी साधन दैनिक निसंक्रमित गर्नुपर्ने ।

उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे/गराईएको पाईएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ । संक्रमण बढन गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनैपनि बेला पुनरावोलकन गर्न सकिन्छ । साथै जारी निषेधाज्ञा मिति २०७८।०५।०१ गते राती १२:०० बजेसम्म भएकोले पुन:अर्को निर्णय नहुदाँसम्म निषेधाज्ञा निरन्तरताका लागि जिल्ला प्रशासन कार्यालय, रसुवालाई सिफारिस गर्ने ।